09 September 2024

National News

मुख्य समाचार

- प्रधानमन्त्रीले गर्नुभयो युएईका क्राउन प्रिन्ससित वार्ता, पाँच सम्झौतामा भए हस्ताक्षर
- विदेशमन्त्री डा. जयशंकरले खाडी सहयोग परिषद्का देश र ब्राजिलका विदेशमन्त्रीहरूसँग गर्नुभयो संवाद
- ५४औँ जीएसटी परिषद्को बैठक सम्पन्न
- हिन्दुस्तान एरो नटिक्ससित गऱ्यो रक्षा मन्त्रालयले सम्झौता
- मङ्कीपक्सलाई लिएर केन्द्रले जारी गऱ्यो राज्यहरूलाई परामर्श
- एसियन च्याम्पियन्स ट्रफी हकी प्रतियोगितामा भारतको लगातार दोस्रो जीत

पीएम- युएई क्राउन प्रिन्स

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा अबुधाबीका क्राउन प्रिन्स युवराज श्री शेख खालिद बिन मोहम्मद बिन जायेद अल नाह् यानसँग बातचीत गर्नुभयो।
दुई नेताले बहुआयामिक भारत- संयुक्त अरब अमिरात यूएई- सम्बन्धमा नयाँ उदीयमान क्षेत्रहरूमा व्यापक रणनीतिक साझेदारीलाई सुदृढ गर्ने अवसरहरूबारे छलफल गर्नुभयो।
वार्ताका क्रममा पाँचवटा सम्झौतामा हस्ताक्षर भएका छन् । जसमा अमिरात न्यूक्लियर एनर्जी कम्पनी र न्युक्लियर पावर कर्पोरेशन अफ इण्डिया लिमिटेडबीच बरकाह् न्युक्लियर प्लान्टको सञ्चालन र मर्मत सम्भारका सम्बन्धमा भएको समझदारीपत्रमा हस्ताक्षर समावेश छ। यसैक्रममा अबुधाबी राष्ट्रिय ओयल कम्पनी र इन्डियन ओयल कर्पोरेशनबीच प्राकृतिक ग्यासको दीर्घकालीन आपूर्तिका लागि सम्झौता भएको छ ।
आज दिउँसो राष्ट्रपति भवनमा क्राउन प्रिन्सले राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुसित भेट गर्नुभयो। राष्ट्रपतिले दुवै देश बीच रहेको घनिष्ठ अनि मैत्रीपूर्ण सम्बन्धको सराहना गर्नुभयो।
युवराजले आज राजघाट पुगेर महात्मा गान्धीलाई श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो।
क्राउन प्रिन्स हिजो आफ्नो पहिलो भारत यात्रामा नयाँ दिल्ली आइ पुग्नुभएको थियो। उहाँले भोलि मुम्बईमा हुने व्यापार मञ्चमा सहभागिता जनाउनु हुनेछ ।
भारत र युएईबीच ऐतिहासिक रूपमा घनिष्ट मैत्रीपूर्ण सम्बन्ध छ। पछिल्ला वर्षहरूमा दुई देशबीचको रणनीतिक साझेदारी व्यापार, लगानी, कनेक्टिभिटी, ऊर्जा, प्रविधि, शिक्षा र संस्कृतिका क्षेत्रमा अझ सुदृढ भएको छ। क्राउन प्रिन्सको भ्रमणले भारत-युएई द्विपक्षीय सम्बन्धलाई बलियो बनाउने आशा गरिएको छ।

## जयशंकर-जीसीसी बैठक

विदेशमन्त्री डा. सुब्रह्मण्यम जयशंकरले खाडी सहयोग परिषद्का देश र ब्राजिलका विदेशमन्त्रीसँग रियादमा आपसी बातचीत गर्नुभएको छ । खाडी सहयोग परिषद्का विदेशमन्त्रीहरूको पहिलो बैठकमा सहभागी हुन डा. जयशंकर अहिले रियादमा हुनुहुन्छ ।

साउदी अरबका विदेशमन्त्री श्री फैसल बिन फरहानसँगको भेटमा डा. जयशंकरले आपसी सम्बन्धको प्रगतिको समीक्षा गर्नुभएको थियो। दुई नेताबीच वैश्विक र क्षेत्रीय मुद्दामा छलफल भएका थिए । डा. जयशंकरले श्री फरहानलाई भारत भ्रमणको निम्तो पनि दिनुभयो।

कुवेतका विदेशमन्त्री श्री अब्दुल्लाह् अली अल-याह्यानसँगको भेटमा डा. जयशंकरले भविष्यमा आपसी सम्बन्धलाई अझ प्रगाढ बनाउने र छिट्टै संयुक्त आयोगको बैठक बोलाउने विषयमा छलफल गर्नुभयो।

डा. जयशंकर र बहराइनका विदेशमन्त्री श्री अब्दुल्ला आतिफ-बिन-रशीद-अल जायनीसँगको भेटमा आपसी सम्बन्धको समीक्षा भएको थियो। बहराइनमा भारतीय समुदायको महत्वपूर्ण योगदानको प्रशंसा गर्दै उहाँहरु छिट्टै संयुक्त आयोगको बैठक बोलाउन सहमत हुनुभयो ।

ओमानका विदेशमन्त्री श्री बद्र-अल्बु सैदी र डा. जयशंकरबीचको वार्तामा भारत र ओमानबीचको रणनीतिक साझेदारीलाई अझ गहिरो बनाउने विषयमा छलफल भएको थियो।

डा जयशंकरले ब्राजिलका विदेशमन्त्री श्री माउरो भिइरासँग पनि भेट गर्नुभयो। यस क्रममा G-20, BRICS र युक्रेन द्वन्द्व लगायत धेरै बहुपक्षीय मुद्दाहरूमा छलफल भएका थिए।

## GST-परिषद्-बैठक

५४औँ वस्तु तथा सेवा कर जीएसटी परिषद्को बैठक नयाँ दिल्लीमा आज सम्पन्न भयो। बैठकको अध्यक्षता केन्द्रीय वित्तमन्त्री श्रीमती निर्मला सीतारमणले गर्नुभयो। बैठकमा वित्त राज्यमन्त्री श्री पंकज चौधरी र राज्यका वित्तमन्त्रीहरुको सहभागिता रहेको थियो ।

GST परिषदको अन्तिम बैठक यस वर्ष जुन महिनामा भएको थियो।

## प्रधानमन्त्री - पद्म पुरस्कार

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले पद्म पुरस्कारका लागि प्रेरणादायी व्यक्तित्वहरूको नाम मनोनयन गर्न देशवासीलाई आग्रह गर्नुभएको छ। मनोनयनको अन्तिम मिति 15 सितम्बर रहेको छ। मनोनयन पद्म पुरस्कारको वेभसाइट Awards.gov.in मा गर्न सकिन्छ।

सर्वोच्च न्यायालय-युपी शिक्षक

उत्तर प्रदेश सरकारलाई वर्ष 2019 मा भएको 69 हजार सहायक शिक्षक भर्ती परीक्षाको संशोधित सूची जारी गर्न भनी इलाहाबाद उच्च न्यायालयले दिएको फसेलामाथि आज सर्वोच्च न्यायालयले रोक लगाएको छ। साथै, सर्वोच्च न्यायालयले जुन 2020 र जनवरी 2022 मा राज्यलाई छ हजार आठ सय उम्मेदवारको छनोट रद्द गर्न भनी दिएको आदेशमाथि पनि रोक लगाएको छ। मुख्य न्यायाधीश न्यायमूर्ति डीवाई चन्द्रचुड, न्यायमूर्ति जेबी पर्दिवाला र न्यायमूर्ति मनोज मिश्रको खण्डपीठले रवि कुमार सक्सेना र अन्य ५१ जनाले दर्ता गरेको याचिकामा राज्य सरकार र उत्तर प्रदेश बेसिक शिक्षा बोर्डका सचिवलगायत अन्यलाई नोटिस जारी गरेको छ।

डिफेन्स-एचएएल

रक्षा मन्त्रालयले 26 हजार करोड रुपियाँभन्दा धेरैको लागतमा सुखोई-30 MKI विमानका लागि 240 AL-31FP एयरो इन्जिनका निम्ति हिन्दुस्तान एरोनटिक्स लिमिटेड HAL सँग सम्झौता गरेको छ। रक्षा मन्त्रालयका अनुसार यी एयरो इन्जिनहरू HAL को कोरापुट डिभिजनले निर्माण गर्नेछ र यसले रक्षा तयारीका लागि सुखोई-30 MKI फ्लीटको परिचालन क्षमतामा वृद्धि गर्नेछ।

HAL ले वार्षिक 30 वटा एयरो इन्जिनहरू आपूर्ति गर्नेछ, सबै 240 इन्जिनहरूको आपूर्ति आगामी आठ वर्षमा पूरा हुने अपेक्षा गरिएको छ। यसले सरकारको आत्मनिर्भर भारत पहललाई बढावा दिने बताइएको छ।

केन्द्र-मन्कीपक्स परामर्श

मङ्कीपक्सका सबै संदिग्ध केसहरूको जाँच गर्न र परीक्षण गर्न केन्द्र सरकारले राज्य र केन्द्रशासित प्रदेशहरूलाई निर्देश दिएको छ।

केन्द्रीय स्वास्थ्य सचिव श्री अपूर्व चन्द्रले मन्कीपक्सलाई विश्व स्वास्थ्य संगठनले जनस्वास्थ्य आपतकाल घोषणा गरेको बताउनु भएको छ। मन्त्रालयले आफ्नो परामर्शमा मन्कीपक्स रोगबारे जनचेतना फैलाउन र जनतामा भयको वातावरण हुन नदिन रोकथामका उपाय अपनाउनुपर्ने कुरामा जोड दिएको छ । मन्त्रालयले राज्य र जिल्ला स्तरमा स्वास्थ्य सेवा विशेष गरी जनस्वास्थ्य सेवासँग सम्बन्धित तयारीको समीक्षा गर्न पनि वरिष्ठ अधिकारीहरूलाई सल्लाह दिएको छ। संदिग्ध र पुष्टि भएका मामिलाहरूको रेखदेख गर्नका लागि राज्यहरूलाई अस्पतालहरूमा पृथकवासको सुविधा, आवश्यक औषधी र प्रशिक्षित मानव संसाधन उपलब्ध गराउन भनिएको छ। स्वास्थ्यकर्मीहरू, विशेष गरी छाला र यौन संचारित रोगहरूको क्लिनिक

र राष्ट्रिय एड्स नियन्त्रण संगठनका क्लिनिकहरूलाई स्वास्थ्य प्रोटोकलहरू पालना गर्न भनिएको छ। श्री चन्द्रले भन्नुभएको छ, केन्द्रीय स्वास्थ्य मन्त्रालयले स्थितिको अनुगमन जारी राख्नेछ र राज्य र केन्द्र शासित प्रदेशहरूलाई सबै सम्भव भएजति सहयोग उपलब्ध गराउनेछ।

आरजी कर सुनुवाई

कोलकाताको आरजी कर मेडिकल कलेज एवम् अस्पतालमा प्रशिक्षार्थी डाक्टरको बलात्कार र हत्याको घटनाको अनुसन्धान विषय 17 सितम्बरमा नयाँ रिपोर्ट पेश गर्न आज सर्वोच्च न्यायालयले केन्द्रीय अनुसन्धान ब्यूरो-सीबीआईलाई निर्देशन दिएको छ।

जम्मू कश्मीर - आतंकवादी मारिए

सेनाले आज जम्मू कश्मीरको राजौरी जिल्लाको नियन्त्रण रेखामा अनुप्रवेश गर्ने प्रयासलाई विफल पार्दै दुई जना आतंककारीहरूलाई मारेको छ। आतंककारीले अँध्यारोको मौका छोपेर अनुप्रवेश गर्न खोजेका थिए । दुवैपक्ष बीच भएको गोलीबारीमा धेरै आतंककारी घाइते भएका कारण व्यापक खोज अभियान चलिरहेको छ।

च्याम्पियन्स ट्रफी

चीनमा भइरहेको एसियन च्याम्पियन्स ट्रफी हकी प्रतियोगितामा आज भारतले जापानलाई एकका विरुद्ध पाँच गोलले हराएको छ । वर्तमान च्याम्पियन भारतको यो प्रतियोगितामा लगातार दोस्रो जित हो। हिजो भएको पहिलो खेलमा भारतले आयोजक चीनलाई ३ गोलले हराएको थियो ।